श्री ५ को सरकार

## कानून तथा न्याय मन्त्रालय

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट जारी गरिबक्सेको तल लेखिएबमोजिमको अध्यादेशहरू सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छः–

२०३० सालको अध्यादेश नं. ४

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रवल गोरखादक्षिणवाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।

नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानको व्यवस्था गर्न बनेको अध्यादेश

प्रस्तावनाः नेपाली भाषा, साहित्य, कला, संस्कृति तथा ज्ञान विज्ञानसम्बन्धी विषयको अध्ययन, अन्वेषण एवं मौलिक सिर्जनाको माध्यमद्वारा उपयोगी कृतिहरू तयार गर्न गराउन, उच्चस्तरीय विचार, विमर्श, गोष्ठी र सम्मेलनको आयोजना गर्न गराउन, प्रतिभाशाली कलाकार, साहित्यकार तथा विद्वान्हरूको समुचित कदर तथा सम्मान गर्न र उपर्युक्त विषयसम्बन्धी आवश्यक अन्य कार्य राष्ट्रिय अन्तरराष्ट्रिय स्तरमा सम्पन्न गराइ बौद्धिक तथा कलात्मक क्षेत्रको सर्वाङ्गीण विकास गर्न नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानलाई बढी सक्षम बनाउन वाञ्छनीय भएकोले र हाल राष्ट्रिय पञ्चायतको अधिवेशन नभएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट नेपालको संविधानको धारा ५७ अनुसार यो अध्यादेश जारी गरिबक्सेको छ ।

१. संक्षिप्त नाम, विस्तार र प्रारम्भः– (१) यस अध्यादेशको नाम "नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान अध्यादेश, २०३०" रहेको छ ।

(२) यो अध्यादेश नेपाल अधिराज्य भर लागू हुनेछ ।

(३) यो अध्यादेश २०३१ साल वैशाख १ गतेदेखि प्रारम्भ हुनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२. परिभाषाः– विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस अध्यादेशमा—

(क) "प्रज्ञा प्रतिष्ठान" भन्नाले दफा ३ बमोजिमको नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान-लाई सम्झनु पर्छ ।

(ख) "संरक्षक" भन्नाले दफा ६ बमोजिमको संरक्षक सम्झनु पर्छ ।

(ग) "कुलपति" भन्नाले प्रज्ञा प्रतिष्ठानको कुलपति सम्झनु पर्छ ।

(घ) "उप-कुलपति" भन्नाले प्रज्ञा प्रतिष्ठानको उप-कुलपति सम्झनु पर्छ ।

(ङ) "तोकिएको" वा "तोकिएबमोजिम" भन्नाले यस अध्यादेश अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिएबमोजिम सम्झनु पर्छ ।

३. प्रज्ञा प्रतिष्ठान कायम रहनेः– (१) नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ऐन,२०१४ अन्तर्गत स्थापित नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान यसै अध्यादेश अन्तर्गत स्थापित भएको मानी कायम रहनेछ ।

(२) प्रज्ञा प्रतिष्ठान अविच्छिन्न उत्तराधिकारवाला एक स्वशासित र संगठित संस्था हुनेछ । यसको कामको निमित्त आफ्नो एउटा छुट्टै छाप हुनेछ । यसले चल अचल सम्पत्ति प्राप्त गर्न, भोग गर्न, धितो बन्धक राख्न, बेच बिखन गर्न र यस अध्यादेशको उद्देश्य पूर्ति गर्न आवश्यक सम्झिएका अरू सबै काम गर्न गराउन सक्नेछ । यसले व्यक्ति सरह नालेश उजूर गर्न र यस उपर पनि व्यक्ति सरह नालेश उजूर लाग्न सक्नेछ ।

४. प्रज्ञा प्रतिष्ठानको काम कर्तव्य :– प्रज्ञा प्रतिष्ठानको काम कर्तव्य देहायबमोजिम हुनेछः–

(क) नेपाली भाषा, साहित्य, कला, संस्कृति तथा ज्ञान विज्ञानसम्बन्धी विषयको अध्ययन, अन्वेषणद्वारा उपयोगी ग्रन्थ एवं कृतिहरू तैयार गर्ने गराउने ।

(ख) नेपाली भाषा, साहित्य, कला, संस्कृति तथा ज्ञान विज्ञानसम्बन्धी मौलिक कृतिहरूको सिर्जना एवं प्रकाशन गर्ने गराउने ।

(ग) विदेशी भाषाबाट नेपाली भाषामा र आवश्यकतानुसार नेपाली भाषाबाट विदेशी भाषामा उच्चस्तरीय कृतिहरूको रूपान्तर एवं प्रकाशन गर्ने गराउने ।

(घ) नेपाली भाषा, साहित्य, कला, संस्कृति तथा ज्ञान विज्ञानसम्बन्धी विषयमा प्रवचन, गोष्ठी, विचार विमर्श, सम्मेलन, प्रदर्शनी आदिको आयोजना गर्ने गराउने ।

(ङ) भाषा, साहित्य, कला, संस्कृति तथा ज्ञान विज्ञानसम्बन्धी विषयमा हुने अन्तरराष्ट्रिय सम्मेलन, प्रवचन, गोष्ठी, विचार विमर्श, प्रदर्शन आदिमा प्रतिनिधित्व गर्ने गराउने ।

(च) नेपाली भाषा, साहित्य, कला, संस्कृति तथा ज्ञान विज्ञानसम्बन्धी विषयमा उल्लेखनीय योगदान दिने स्वदेशी वा विदेशी विद्वान् एवं कलाकारको कदर तथा सम्मान गर्ने ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(छ) भाषा, साहित्य, कला, संस्कृति तथा ज्ञान विज्ञानको क्षेत्रसंग सम्बन्धित अन्तरराष्ट्रिय संघ संस्थासंग सम्बन्ध राख्ने ।

(ज) नेपाली भाषा, साहित्य, कला, संस्कृति तथा ज्ञान विज्ञानको विकासको निमित्त साहित्यकार, कलाकार र वैज्ञानिकहरूमा सहयोगको भावना बढाउने ।

(झ) माथि लेखिएका काम कर्तव्यका पूर्तिका लागि आवश्यक अरू सबै काम गर्ने ।

५. प्रज्ञा प्रतिष्ठानको संगठनः– (१) प्रज्ञा प्रतिष्ठानको संगठन देहायबमोजिम हुनेछः–

(क) संरक्षक,

(ख) प्राज्ञ सभा,

(ग) प्राज्ञ परिषद्,

(घ) समन्वय समिति,

(ङ) प्रज्ञा प्रतिष्ठान सेवा आयोग,

(च) प्रज्ञा प्रतिष्ठान सचिवालय ।

(२) उप-दफा (१) बमोजिमका सभा, परिषद्, समिति, आयोग र सचिवालयको सामूहिक रूप नै प्रज्ञा प्रतिष्ठानको स्वरूप हुनेछ ।

६. संरक्षकः– (१) श्री ५ महाराजाधिराज प्रज्ञा प्रतिष्ठानका संरक्षक होइबक्सनेछ ।

(२) संरक्षकको निर्देशन प्रज्ञा प्रतिष्ठानको निमित्त सर्वोपरि हुनेछ ।

७. कुलपति र उप–कुलपतिको नियुक्तिः– कुलपति र उप–कुलपतिको नियुक्ति संरक्षकबाट हुनेछ ।

८. प्राज्ञ सभाः– (१) देहायका सदस्यहरू भएको एउटा प्राज्ञ सभा हुनेछः–

| | | |
|---|---|---|
| (क) | संरक्षक– | अध्यक्ष |
| (ख) | कुलपति– | उपाध्यक्ष |
| (ग) | उप–कुलपति– | सदस्य |
| (घ) | प्राज्ञ परिषद्का सदस्यहरू– | सदस्य |
| (ङ) | आजीवन सदस्यहरू– | सदस्य |
| (च) | प्रज्ञा मानार्थ सदस्यहरू– | सदस्य |
| (छ) | शिक्षा मन्त्री– | सदस्य |
| (ज) | अर्थ मन्त्री– | सदस्य |
| (झ) | उपाध्यक्ष, राष्ट्रिय योजना आयोग– | सदस्य |
| (ञ) | अध्यक्ष, गुठी संस्थान– | सदस्य |
| (ट) | मुख्य सचिव, श्री ५ को सरकार– | सदस्य |
| (ठ) | उप–कुलपति, त्रिभुवन विश्वविद्यालय– | सदस्य |
| (ड) | प्रज्ञा प्रतिष्ठानको सचिव – | सदस्य-सचिव |

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) संरक्षक वा संरक्षकबाट तोकेको व्यक्तिको अध्यक्षतामा प्राज्ञ सभाको बैठक सामान्यतः वर्षको एक पटक बस्नेछ ।

(३) प्राज्ञ सभाले प्राज्ञ परिषद्द्वारा पेश गरिएको वार्षिक प्रतिवेदनमाथि विचार विमर्श गरी भावी कार्यक्रमको लागि आवश्यक निर्देशन दिनेछ ।

(४) प्राज्ञ सभाले प्राज्ञ परिषद्द्वारा पेश भएको प्रज्ञा प्रतिष्ठानको वार्षिक बजेट-माथि आवश्यक विचार गरी स्वीकृति प्रदान गर्नेछ ।

९. प्राज्ञ परिषद्:– (१) देहायका सदस्यहरू भएको एउटा प्राज्ञ परिषद् हुनेछः–

(क) कुलपति––– अध्यक्ष

(ख) उप–कुलपति––– उपाध्यक्ष

(ग) संरक्षकबाट नियुक्त बढीमा ६ जना सदस्यहरू––– सदस्य

(घ) प्रज्ञा प्रतिष्ठानको सचिव––– सदस्य–सचिव

(२) उप-दफा (१) को खण्ड (ग) बमोजिम नियुक्त सदस्यहरूमा भाषा, साहित्य, कला, संस्कृति, ज्ञान तथा विज्ञानका प्रत्येक क्षेत्रबाट यथासम्भव एक एक जना रहनेछन् ।

(३) प्राज्ञ परिषद्का सदस्यहरू र सदस्य–सचिव प्रज्ञा प्रतिष्ठानका सदस्य मानिनेछन् ।

१०. प्राज्ञ परिषद्को काम, कर्तव्य र अधिकारः– (१) प्राज्ञ परिषद्को काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः–

(क) प्राज्ञ सभाको निर्देशन अनुसार प्रज्ञा प्रतिष्ठानको कार्य संचालनका लागि आवश्यक नीति निर्धारण गर्ने ।

(ख) प्रज्ञा प्रतिष्ठानका कर्मचारीहरूको सेवा शर्त निर्धारण गर्ने ।

(ग) विद्वत्वृत्ति, सम्मान, प्रज्ञा मानार्थ सदस्यता, पुरस्कार आदिका सम्बन्धमा आवश्यक व्यवस्था गर्ने ।

(घ) प्राज्ञ सभाको बैठकको आयोजना गर्ने ।

(ङ) प्राज्ञ सभाले दिएको निर्देशन पालन गर्ने ।

(च) प्रज्ञा प्रतिष्ठानको आम्दानी खर्चको वार्षिक बजेट समर्थनका लागि प्राज्ञ सभामा पेश गर्ने ।

(छ) प्रज्ञा प्रतिष्ठानको लागि चल अचल सम्पत्ति प्राप्त गर्ने, बेच बिखन र नामसारी गर्ने कार्यको सम्बन्धमा आवश्यक निर्णय गर्ने ।

(ज) हरेक वर्ष प्रज्ञा प्रतिष्ठानको लेखापरीक्षणको व्यवस्था गर्ने र लेखापरीक्षणको प्रतिवेदनमा विचार गरी आवश्यक कारवाई गर्ने ।

(झ) प्रज्ञा प्रतिष्ठानको वार्षिक प्रतिवेदन तयार पारी प्राज्ञ सभामा पेश गर्ने ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ञ) प्रकाशनको निमित्त आएका पुस्तक पुस्तिकाको मूल्याङ्कन गर्ने गराउने ।

(ट) प्रज्ञा प्रतिष्ठानका लागि चाहिने आवश्यक पदको सिर्जना गर्ने ।

(ठ) आवश्यक कामको लागि आवश्यकतानुसार प्रज्ञा प्रतिष्ठानका सदस्य बाहेक अरू व्यक्तिहरूलाई पनि समावेश गरी समिति, उप–समितिको गठन गर्ने र यस्ता समिति, उप–समितिको कार्यविधि तथा कार्यावधि तोक्ने ।

(ड) अरू तोकिएबमोजिम काम गर्ने ।

(२) प्राज्ञ परिषद्को कार्यविधि तोकिएबमोजिम हुनेछ ।

११. समन्वय समितिः– (१) देहायका सदस्य भएको एउटा समन्वय समिति हुनेछः–

| | |
|---|---|
| (क) कुलपति–– | अध्यक्ष |
| (ख) उप–कुलपति–– | उपाध्यक्ष |
| (ग) सचिव, श्री ५ को सरकार, शिक्षा मन्त्रालय–– | सदस्य |
| (घ) सचिव, श्री ५ को सरकार, सञ्चार मन्त्रालय–– | सदस्य |
| (ङ) सचिव, श्री ५ को सरकार, अर्थ मन्त्रालय–– | सदस्य |
| (च) डीन, नेपाल तथा एशियाली अध्ययन संस्थान–– | सदस्य |
| (छ) अध्यक्ष, साझा प्रकाशन–– | सदस्य |
| (ज) उपाध्यक्ष, नेपाल ललित कला संस्थान–– | सदस्य |
| (झ) प्रज्ञा प्रतिष्ठानको सचिव–– | सदस्य–सचिव |

(२) समन्वय समितिले नेपाली भाषा, साहित्य, कला, संस्कृति तथा ज्ञान विज्ञानको क्षेत्रसंग सम्बन्धित विभिन्न संघ संस्थानहरूका क्रियाकलापमाथि विचार विमर्श गरी तिनीहरूका बीच आवश्यक समन्वयको व्यवस्था गर्नेछ ।

(३) समितिमा भएका समन्वयात्मक कार्यको विवरण प्राज्ञ परिषद्द्वारा संरक्षक समक्ष प्रस्तुत हुने प्रज्ञा प्रतिष्ठानको वार्षिक प्रतिवेदनमा समावेश गरिनेछ ।

१२. प्रज्ञा प्रतिष्ठान सेवा आयोगः– (१) प्रज्ञा प्रतिष्ठानका कर्मचारीको नियुक्ति र बढुवाको सिफारिश गर्न देहायबमोजिमको एक प्रज्ञा प्रतिष्ठान सेवा आयोग रहनेछः–

| | |
|---|---|
| (क) त्रिभुवन विश्वविद्यालय सेवा आयोगको अध्यक्ष–– | अध्यक्ष |
| (ख) लोक सेवा आयोगको सदस्य–– | सदस्य |
| (ग) कुलपतिद्वारा मनोनीत प्रज्ञा प्रतिष्ठानका एक जना सदस्य–– | सदस्य |
| (घ) प्रज्ञा प्रतिष्ठान सेवा आयोगको अध्यक्षले तोकेको एक जना लब्ध प्रतिष्ठित विद्वान्–– | सदस्य |
| (ङ) प्रज्ञा प्रतिष्ठानको सचिव–– | सदस्य–सचिव |

(२) प्रज्ञा प्रतिष्ठान सेवा आयोगको काम, कर्तव्य र अधिकार तोकिएबमोजिम हुनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१३. प्रज्ञा प्रतिष्ठान सचिवालयः– (१) प्रज्ञा प्रतिष्ठानको प्रशासकीय काम–काजको लागि एक सचिवालय रहनेछ। यसको दैनिक कार्य सञ्चालन प्रज्ञा प्रतिष्ठानको सचिवको रेखदेखमा हुनेछ।

(२) प्रज्ञा प्रतिष्ठानको सचिवको नियुक्ति संरक्षकबाट हुनेछ।

(३) सचिवालयको संगठन र काम कर्तव्य तोकिएबमोजिम हुनेछ।

१४. पदावधि र पारिश्रमिकः– (१) प्रज्ञा प्रतिष्ठानका कुलपति, उप-कुलपति, प्राज्ञ परिषद्का सदस्यहरू र प्रज्ञा प्रतिष्ठानको सचिवको पदावधि पाँच वर्षको हुनेछ र निजहरूको पारिश्रमिक संरक्षकले तोकेबमोजिम हुनेछ।

(२) संरक्षकले उपयुक्त सम्झेमा उप-दफा (१) बमोजिम पदावधि समाप्त भएका सदस्यहरूलाई पुनः मनोनीत गर्न सक्नेछ।

१५. आजीवन सदस्यः– प्राज्ञ परिषद्मा लगातार वा पटक पटक गरी कमसेकम तीन पटक मनोनयन प्राप्त गरेका व्यक्तिहरू अवकाश प्राप्त भएपछि प्रज्ञा प्रतिष्ठानको आजीवन सदस्य हुनेछन्।

यो अध्यादेश लागू हुनुभन्दा अगाडि आजीवन सदस्य भइसकेका र स्थायी सदस्यमा मनोनीत भइसकेका व्यक्तिहरू पनि आजीवन सदस्य हुनेछन्।

१६. प्रज्ञा मानार्थ सदस्यः– प्राज्ञ परिषद्ले नेपाली संस्कृति, साहित्य, कला, संगीत वा सामाजिक वा भौतिक ज्ञान विज्ञानको क्षेत्रमा विशेष देन दिएका ख्याति प्राप्त व्यक्तिहरूमध्येबाट कसैलाई विशिष्ट ठहराइ "प्रज्ञा मानार्थ सदस्यता" प्रदान गर्न सिफारिशसाथ संरक्षक समक्ष पेश गरी संरक्षकबाट स्वीकृति प्राप्त भएमा प्रज्ञा प्रतिष्ठानको "प्रज्ञा मानार्थ सदस्यता" प्रदान गर्न सकिनेछ।

१७. प्रज्ञा प्रतिष्ठानका सदस्यको काम, कर्तव्य र अधिकारः– प्रज्ञा प्रतिष्ठानका सदस्यको काम, कर्तव्य र अधिकार तोकिएबमोजिम हुनेछ।

१८. सदस्यताबाट हटने अवस्थाः– (१) कुलपति, उप-कुलपति, प्रज्ञा प्रतिष्ठानका आजीवन सदस्य र प्रज्ञा मानार्थ सदस्य तथा प्राज्ञ परिषद्का सदस्यहरू देहायका अवस्थामा सदस्यताबाट हटनेछन्:–

(क) संरक्षक समक्ष लिखित समावेदन पेशगरी आफ्नो सदस्यताबाट दिएको राजीनामा स्वीकृत भएमा।

(ख) नैतिक पतन हुने कुनै फौजदारी अभियोगमा अदालतबाट सजाय पाएकोमा।

(ग) कार्य क्षमताको अभाव वा खराब आचरणले गर्दा आफ्नो पदको कर्तव्य पालन गर्न असमर्थ भएमा संरक्षकबाट गठन गरिएको कुनै तीनजना व्यक्तिको आयोगले जाँचबुझ गरी ठहर गरेको प्रतिवेदन संरक्षकबाट स्वीकृत भएमा।

(घ) संरक्षकले हटाएमा।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) उप-दफा (१) को खण्ड (ग) बमोजिम आरोप लागेका व्यक्तिलाई आयोगमा आफ्नो सफाइ पेश गर्नको निमित्त मनासिब मौकाबाट वञ्चित गरिने छैन र आयोगले सो सम्बन्धमा आफ्नो कार्यविधि आफैं व्यवस्थित गर्न सक्नेछ ।

१९. काम कारवाई अवैध नमानिने:— यस अध्यादेशको अरू दफाहरूमा जुनसुकै कुरा लेखिएको भएपनि प्रज्ञा प्रतिष्ठानमा कुनै सदस्यको स्थान रिक्त भई काम कारवाई भएको रहेछ भने सो कारणले मात्र त्यस्तो काम कारवाई अवैध मानिने छैन ।

२०. लेखा राख्ने र त्यसको जाँच:— प्रज्ञा प्रतिष्ठानको लेखा तोकिएको ढाँचामा राखिनेछ र त्यसको लेखापरीक्षण महालेखापरीक्षकबाट हुनेछ ।

२१. प्रज्ञा प्रतिष्ठानको कोष:— प्रज्ञा प्रतिष्ठानको एउटा कोष हुनेछ । उक्त कोष प्राज्ञ परिषद्ले तोकेको बैङ्कमा राखिनेछ र तोकिएबमोजिम सञ्चालन हुनेछ ।

२२. नियम बनाउने अधिकार:— यो अध्यादेशको उद्देश्य कार्यान्वित गर्न प्राज्ञ परिषद्ले नियमहरू बनाउन सक्नेछ । श्री ५ महाराजाधिराजबाट स्वीकृति बक्सेपछि ती नियमहरू लागू हुनेछन् ।

२३. खारेजी:— नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ऐन, २०१४ खारेज गरिएको छ ।

आज्ञाले—
चूडामणिराज सिंह मल्ल
श्री ५ को सरकारको सचिव

लालमोहर सदर मिति— २०३०।१२।२०।३

श्री ५ को सरकारको छापाखानामा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।